



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

२०७८ साल कार्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म हुने राष्ट्रिय जनगणना २०७८ सफल पारौं ।

कोही नछुटौं, कोही नदोहरिऔं । बसोबास गरेकै ठाँउबाट आफ्नो विवरण लेखाऔं । घर घरमा आउने गणकलाई सही र वास्तविक सूचना उपलब्ध गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २२ ❑ अङ्क २९० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ कार्तिक २५ गते बिहीबार ❑ 11 Nov. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## जनता नै देशका मालिक हुन् : प्रधानमन्त्री देउवा

पोखरापत्र संवाददाता
पोखरा, २४ कार्तिक

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले मुलुकमा जनताभन्दा ठूलो शक्ति अरू कोही नभएको उल्लेख गर्दै जनता नै देशको मालिक भएको बताउनुभएको छ।

कांग्रेसका संस्थापक नेता गणेशमान सिंहको १०७औँ जन्मजयन्तीका अवसरमा आज यहाँ आयोजित कार्यक्रममा उहाँले निष्पक्ष निर्वाचनका लागि निर्वाचन आयोग रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "निर्वाचन आयोगले कसैको कुरा मान्दैन, आफ्नो नीतिअनुसार काम गर्छ । निर्वाचनमा भएको हारजितलाई सबैलाई स्वीकार गर्नुपर्छ । प्रजातन्त्रमा आवधिक निर्वाचन अनिवार्य हुन्छ। प्रजातन्त्र भनेको जनताप्रति उत्तरदायी सरकार हो । सरकार जनताप्रति उत्तरदायी भएन भने अर्को सरकार आउँछ।"

फरक प्रसङ्गमा प्रधानमन्त्री देउवाले नेपालको संविधानले सामान्य अवस्थामा संसद् भङ्ग गर्ने व्यवस्था नगरेको उल्लेख गर्दै यो प्रावधान मुलुकमा राजनीतिक स्थायित्वका लागि राखिएको धारणा व्यक्त गर्नुभयो । "अर्को कुरा संविधानको अन्तिम व्याख्या गर्ने ठाउँ भनेको सर्वोच्च अदालत हो, अरूलाई यो अधिकार छैन । सर्वोच्चको व्याख्या सबैले मान्नैपर्छ", उहाँले भन्नुभयो ।



नेपालको संविधान विश्वमै समावेशी भएको र यसले सबै वर्ग र समुदायको समावेशिताको व्यवस्था सुनिश्चित गरेको उहाँले बताउनुभयो । संविधानमा कुनै समस्या आए प्रजातान्त्रिक विधिबाट समाधान गर्न सकिने उहाँको धारणा थियो। प्रधानमन्त्री देउवाले संविधानको सफल कार्यान्वयन गरेर प्रजातन्त्रलाई दिगो र समृद्ध बनाउन सके मात्र नेता गणेशमान सिंहप्रति सच्चा सम्मान हुने उल्लेख गर्नुभयो ।

विसं १९९७ सालदेखि नै राणा शासनविरुद्ध आन्दोलन थाल्नुभएको बताउँदै उहाँले प्रजातन्त्रका लागि ठूलो सङ्घर्ष गरी लामो जेल र निर्वासन जीवन बिताउनुभएका नेता सिंहले प्रजातन्त्र प्राप्तिपछि पदको कुनै लोभ नगरेको उल्लेख गर्नुभयो । प्रधानमन्त्री देउवाले मुलुकमा प्रजातन्त्र मास्नलाई तत्कालीन राजाले आफूलाई थुनेको र जनता सडकमा ओर्लिएपछि गणतन्त्र आएकोसमेत स्मरण गर्नुभयो।

कार्यक्रममा प्रधानमन्त्री देउवाले हालै सम्पन्न आफ्नो जलवायु परिवर्तनसम्बन्धी अन्तरर्ाष्ट्रिय सम्मेलनको भ्रमणका दौरान विश्वमा नै पेट्रोलियम पदार्थको विस्थापनसम्बन्धी बहसबारे अवगत गराउनुभयो । उहाँले भन्नुभयो, "नेपाललाई पेट्रोलियम पदार्थको विस्थापन गर्न सहज छ, मुलुकमा जलविद्युत्को अपार सम्भावना छ । चुलो, गाडी, सवारीलगायतका साधन विद्युतीय बनाउन सक्छौँ ।" साथै उहाँले पछिल्लो समय नेपाल जलवायु परिवर्तनको चपेटामा परेको उल्लेख गर्दै यसबाट बचाउन सबै लाग्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा कांग्रेसका पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाले प्रतिगमनविरुद्धको आन्दोलनमा तत्कालीन अवस्थामा प्राध्यापकलगायत नागरिक समाजले खेलेको भूमिकाको उच्च प्रशंसा गर्नुभयो । उहाँले अझै पनि राजनीतिक क्षेत्रमा गर्नुपर्ने धेरै काम बाँकीरहेको उल्लेख गर्दै राजनीतिक व्यवस्थाको स्थायित्वका लागि सबैको खबरदारीको आवश्यकता औंल्याउनुभयो ।

फरक प्रसङ्गमा नेता सिटौलाले कांग्रेस महाधिवेशन समयमै गर्नुपर्ने र अहिलेको कार्यतालिका एक दिन पनि परिवर्तन गर्ने ठाउँ नरहेको उल्लेख गर्दै यसलाई सफल बनाउन सबै लाग्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा गणेशमान सिंह तथा जनआन्दोलन शहीद स्मृति शान्ति प्रतिष्ठानका अध्यक्ष एवं सङ्घीय सांसद भीमसेनदास प्रधानले हाल भइरहेको सर्वोच्च अदालतको विवादको उचित समाधान निकाल्न सरकारसँग आग्रह गर्नुभयो । कांग्रेसका पूर्वजिल्ला सभापति तीर्थराम डङ्गोल र प्रा धर्मकान्त बास्तोलाले प्रजातन्त्र स्थापना र पुनर्स्थापनमा गणेशमान सिंहको योगदान इतिहासले बिर्सन नसक्ने बताउनुभएको थियो ।

कार्यक्रममा प्रधानमन्त्री देउवाले २०६२/६३ को जनआन्दोलन सफल पार्न आम प्राध्यापकको नेतृत्वदायी भूमिका निर्वाह गर्ने नेपाल प्राध्यापक सङ्घका तत्कालीन अध्यक्ष प्रा खगेन्द्रप्रसाद भट्टराईलाई स्वर्ण पदकबाट विभूषित गर्नुभएको थियो ।

## जनगणनामा सहयोग गर्न मुख्यमन्त्री पोखरेलको आग्रह

पोखरापत्र संवाददाता
पोखरा, २४ कार्तिक

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले जनगणना लिन आउने सुपरीवेक्षक वा गणकहरुलाई सही विवरण टिपाउन प्रदेशवासीमा अनुरोध गरेका छन् ।

राष्ट्रिय जनगणना २०७८ का अवसरमा बुधबार एक अपिल जारी गर्दै मुख्यमन्त्री पोखरेललेसही तथ्यांकले प्रदेश सरकारलाई योजना बनाउन सजिलो हुने र त्यसको फाइदा प्रदेशवासीलाई नै हुने उल्लेख गरेका हुन् । नेपालमा१२ औं जनगणना बिहीबार अर्थात कात्तिक २५ देखि मंसिर ९ गतेसम्म हुँदैछ । राज्यको पुनसंरचनापछि अर्थात् देशले संघीय शासन प्रणाली अंगालेपछिको यो पहिलो जनगणना भएकाले यसपटकको जनगणनाको खास महत्व रहेको मुख्यमन्त्रीले जनाएका छन् । प्रदेश भनेको संघीयताले जन्माएको नयाँ प्रणाली हो । प्रदेशमा आधारित भएर हालसम्म यति ठूलो कुनै पनि अध्ययन अनुसन्धान भएको छैन । २०७२ सालमा संविधान जारी भएसँगै प्रदेशहरुको स्थापना भए पनि हाम्रो तथ्यांक थिएन। उनले भनेका छन्, '२०६८ सालमा राज्यको पुरानो संरचना अन्तगरगत गरिएको जनगणनाका तथ्यांकलाई नै हामीले उपयोग गरेर यहाँसम्म आइपुगेका छौं। तर यसपालि जनगणनाले नेपालमा पहिलोपटक प्रादेशिक मोडलमा



आधारित जनसंख्या तथ्यांक उपलब्ध गराउनेछ । यो खुसीको कुरा हो।'

हाम्रो प्रदेशको जनसंख्या कति छ ? कुन कुन जातिका मानिसहरुको बसोबास छ ? कुन धर्म र सस्कृतिका मानिसहरु कति छन् ? कुन भाषा बोल्ने मानिसहरुको बाहुल्य छ ? सामाजिक बहिष्करणमा परेका समूहहरु दलित, जनजाति, अल्पसंख्यक लोपोन्मुख महिला, अपांगता भएका व्यक्ति आदिको जनसंख्याको अवस्था के छ भन्ने कुरा जनगणनाले छर्लंग पार्ने मुख्यमन्त्री पोखरेलले अपिलमा उल्लेख गरेका छन्। उनका अनुसार जनगणनाबाट आउने यही तथ्यांकलाई आधार बनाएर सम्बन्धित जाति, धार्मिक, समुदाय, महिला वा अपांगता भएका व्यक्तिका लागि प्रदेश सरकारले नीति र कार्यक्रम बनाउँदछ । यसपटकको जनगणनामा रोजगार, बेरोजगार, बैंक तथा वित्तीय संस्थामा पहुँचको अवस्था, सरकारी अनुदान प्राप्त गरेको, नगरेको, वडा तहसम्म सामुदायिक भवनहरुको अवस्था के छ कस्तो छ, जस्ता मसिना तर नागरिकका लागि अति महत्वपूर्ण विषयका प्रश्नावली पनि समेटिएको छ । जनगणनाको तथ्यांक संकलनको पहिलो चरण अन्तरगत भदौ ३० गतेदेखि असोज १८ गतेसम्म सुपरीवेक्षकहरु सबैको घरदैलोमा पुगी घर तथा परिवार सूचीकरण कार्य सम्पन्न भइसकेको छ।

जनगणनाका क्रममा टिपाएका तथ्यांक गोप्य रहने भन्दै मुख्यमन्त्रीले उल्लेख गरेका छन्, 'यस्ता विवरण गोप्य नराख्ने वा गोपनियता भंग गर्ने जो कोहीलाई कानुन बमोजिम कारवाही हुन्छ। त्यसैले आफूले टिपाएको विवरणको गोपनियता नरहने हो कि भनेर कसैले द्विविधा लिनु पर्दैन।' आफ्ना घरमा तथ्यांक संकलन गर्न आउने गणकलाई आत्मीय व्यवहार गर्न पनि उनले आग्रह गरेका छन्। उनले उल्लेख गरेका छन्, 'गणकले सोधेका सबै प्रश्नहरु धैर्यपूर्वक सुनेर सही जवाफ दिन प्रदेश सरकार सम्पूर्ण प्रदेशवासी दाजुभाइ दिदीबहिनीहरुलाई हार्दिक अनुरोध गर्दछ ।' केन्द्रीय तथ्यांक विभागले यस जनगणनाको नारा 'मेरो जनगणना मेरो सहभागिता' राखेको छ। यो नारालाई सार्थक बनाउन सम्पूर्ण प्रदेशवासी दाजुभाइ दिदीबहिनीहरुले जनगणनालाई अपनत्व लिएर गणकलाई सही विवरण टिपाएर सहयोग गर्न मुख्यमन्त्रीले पोखरेलले अनुरोध गरेका छन् ।

## ४४० जना संक्रमित

रासस
काठमाडौं, २४ कार्तिक

पछिल्लो २४ घण्टामा ४४० जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा कृष्णप्रसाद पौडेलले छ हजार ८१४ मा नमुना परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको जानकारी दिनुभयो।

बुधबार थपिएकासँगै देशभर सक्रिय सङ्क्रमित सात हजार ५१९ रहेको उहाँले बताउनुभयो । नेपालमा सङ्क्रमण दर १८.२ प्रतिशत पुगेको छ।

प्रवक्ता पौडेलका अनुसार ५०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला काठमाडौं र ललितपुर तथा २०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला नौ छन् । ती जिल्लामा मोरङ, सुनसरी, झापा, भक्तपुर, कास्की, पूर्वी नवलपरासी, रुपन्देही, बाँके र कैलाली छन् ।

## जनगणना–सम्पूर्ण तयारी पूरा

रासस
काठमाडौं, २४ कार्तिक

हरेक १० वर्षमा सञ्चालन सञ्चालन गरिने राष्ट्रिय जनगणनाको १२औँ शृङ्खलाको मुख्य गणनाकार्य कात्तिक २५ गतेबाट सुरु हुँदैछ।

यो गणना आगामी मङ्सिर ९ गतेसम्म जारी रहने र यसका लागि सम्पूर्ण तयारी पूरा भएको केन्द्रीय तथ्याङ्क विभागद्वारा बुधबार यहाँ आयोजित पत्रकार सम्मेलनमा सो जानकारी दिइयो।

जनगणनाको पहिलो चरणमा घर तथा घरपरिवार सूचीकरण यसअघि नै भइसकेको छ । सूचीकृत भइसकेका र कुनै कारणले छुटेकासमेत सबै परिवारमा गणक पुगी १५ दिनभित्र सबै व्यक्तिको विस्तृत विवरण सङ्कलन गर्न करिब ४० हजार गणक र आठ हजार ५०० सुपरीवेक्षक परिचालन गर्न लागिएको सो अवसरमा जानकारी दिइयो।

जनगणना सफल बनाउन केन्द्रदेखि वडा तहसम्म विभिन्न जनगणना समन्वय तथा सहजीकरण समिति गठन गरिएको विभागका महानिर्देशक नेबिनलाल श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार जनगणना सञ्चालन गर्न सात प्रदेशमा जनगणना कार्यालयसहित ८७ जिल्ला जनगणना कार्यालय र त्यसअन्तर्गत ३४९ स्थानीय जनगणना कार्यालय स्थापना भएका छन् । जनगणनाको फाराममा ८० वटा प्रश्नावली रहेका छन् । एक परिवारलाई प्रश्नावली भर्नाका लागि औसतमा २० मिनेट समय लाग्ने बताइएको छ । यस क्रममा देशभरका छ हजार ७४३ वडाबाट आधार भूत आर्थिक, सामाजिक, सेवा, सुविधा, पूर्वाधार र विपद् अवस्थाको समेत जानकारी सङ्कलन गरी सामुदायिक प्रश्नावली भरिने र यसबाट सम्पूर्ण वडाको वास्तविक जानकारी पाउन सकिने महानिर्देशक श्रेष्ठले बताउनुभयो।

एक प्रश्नको जवाफमा उहाँले कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्रमा जनगणना गर्न परराष्ट्र मन्त्रालयमार्फत भारतसँग कूटनीतिक तबरबाट पहल भइरहेको र स्याटलाइट प्रविधिबाट घरधुरी गणना गरी त्यसका आधारमा पनि जनगणना गर्न सकिने उहाँले जानकारी दिनुभयो। यसपटकको जनगणनामा काठमाडौँ महानगरपालिकासमेत काठमाडौँ जिल्लाकाछनगरपालिकामाडिजिटल पद्दतिमा आधारित क्यापीविधि प्रयोग गरी ट्याब्लेटबाट विवरण सङ्कलन गरिने र देशभरका अन्य स्थानमा कागजी प्रश्नावली प्रयोग हुनेछ । यसपटक विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूमा इ-सेन्ससविधि अपनाई वेबसाइट एप्लिकेशनबाट नेपाली कर्मचारी तथा आश्रित व्यक्तिको विवरण सङ्कलन गर्न लागिएको उहाँले जानकारी दिनुभयो । महानिर्देशक श्रेष्ठका अनुसार घरपरिवार सूचीकरणका आधारमा यसपटकको जनगणनामा नेपालको जनसङ्ख्या तीन करोड नपुग्ने अनुमान गरिएको छ। तीन महिनाभित्र जनगणनाको प्रारम्भिक प्रतिवेदन ल्याइने र पूर्ण विवरण आउन दुई वर्षको समय लाग्ने बताइएको छ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य डा रामकुमार फुयाँलले हरेक दश वर्षको अन्तरालमा गरिने जनगणनाले राष्ट्रिय र स्थानीयस्तरमा आधार भूत जनसङ्ख्याको तथ्याङ्क तयार गरी आवधिक विकास लक्ष्य तथा दिगो विकास लक्ष्यका अनुगमन र मूल्याङ्कनसँग सम्बन्धित सामाजिक, जनसाङ्ख्यिक र आर्थिक सूचकको लागिसमेत सूचना प्रदान गर्न सकिने बताउनुभयो।

## पेट्रोल, डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर तीनले बढ्यो

रासस
काठमाडौँ, २४ कार्तिक

सरकारले बुधबार रातिदेखि लागू हुनेगरी इन्धनको मूल्य बढाएको छ। पेट्रोल, डिजेल र मट्टितेलमा यसअघिको मूल्यमा प्रतिलिटर रु तीनले बढाइएको छ।

नेपाल आयल निगम लिमिटेडको सञ्चालक समितिको बुधबारको बैठकले रातिदेखि लागू हुनेगरी खाना पकाउने ग्याससहित पेट्रोल, डिजेल, मट्टितेल र हवाई इन्धनको मूल्य बढाएको हो । त्यसैगरी खाना पकाउने एलपी ग्यासको मूल्य प्रतिसिलिन्डर रु ७५ बढाएर १५ सय ७५ पुगेको छ।

पेट्रोलको मूल्य प्रतिलिटर रु १३६ पुगेको छ भने डिजेल मट्टितेलको प्रतिलिटर मूल्य रु ११९ कायम भएको छ। आन्तरितर्फको हवाई इन्धन प्रतिलिटर रु पाँच बढेर १०१ कायम गरिएको छ। अन्तर्राष्ट्रिय उडानतर्फ हवाई इन्धनको मूल्य प्रतिकिलोलिटर ८९५ अमेरिकी डलर पुगेको निगमका सहप्रवक्ता पुस्कर कार्कीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।



# अन्याय र अत्याचार बिरुद्ध अरिङ्गाल झैं खनिन मन्त्री बरालको आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ कार्तिक**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले अन्याय र अत्याचार बिरुद्ध अरिङगाल झै खनिन आग्रह गर्नु भएको छ।

एकीकृत अखिल नेपाल शिक्षक संगठन दोश्रो पोखरा महानगर/चौथो कास्की जिल्ला परिषदको बुधबार उद्घाटन गर्दै नेकपा माओबादी गण्डकी प्रदेश सचिवालय सदस्य समेत रहेका मन्त्री बरालले माओबादीका नेता एवं भातृ संस्थाका पदाधिकारीहरु अन्याय र अत्याचार बिरुद्ध अरिङगाल झै खनिन आग्रह गर्नु भएको हो। माओबादीमा पहिलाको जस्तो जुजारु पन निकाल्ने गरी लाग्न नेता तथा कार्यकर्तालाई आग्रह गर्दै मन्त्री बरालले माओबादी विचार तथा एजेण्डामा सर्वश्रेष्ठ पाटी रहेको दाबी गर्नु भयो।

गृहकार्य गरी बृहत कम्यूनिष्ट एकता आवश्यक भएको उहाँको भनाई थियो। पार्टी संगठन र शिक्षक संगठन विस्तार गर्न गाउँ गाउँका दुर दराजसम्म पुग्न मन्त्री बरालले आग्रह गर्नु भयो।

पार्टी अध्यक्ष प्रचण्डमा हाल उर्जा पैदा भएको बताउदै मन्त्री बरालले हिजो अनुभवका कमीले केही कमजोरी भए पनि अहिलेको माओबादीमा धेरै कुराको अनुभव र ज्ञान प्राप्त भएको बताउनु भयो। विगतलाई समिक्षा गर्दै अब नयाँ ढंगले सोच्नुपर्ने समय आएको मन्त्री बरालको भनाई थियो। गण्डकी प्रदेशका अर्थ तथा विकास समितिका सभापति दीपक कोइराला (रुपक) ले माओबादीको मिसन पुरा गर्न व्यवहारिक रुपमा सवैको ध्यान केन्द्रित गर्नुपर्ने बताउनु भयो। माओबादी कास्कीका इन्चार्ज बखानसिंह तमुले पार्टी सुदृणको लागि कमजोरी पत्ता लगायर एकता बद्ध भएर अघि बढ्नुपर्ने बताउनु भयो।

संगठनका कास्की इन्चार्ज एवं केन्द्रिय सदस्य गोपालमणि लामिछानेले यही कार्तिक २७ गते पोखरामा संगठनको प्रदेश स्तरिय सम्मेलन हुने भएको बताउनु भयो।

एकीकृत अखिल नेपाल शिक्षक संगठन कास्कीका समन्वय समितिका अध्यक्ष तारानाथ पौडेलको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा संगठनका प्रदेश उपाध्यक्ष शोभा गुरुङ, नेपाल शिक्षक महासंघका महेन्द्र पौडेल, संगठनका महानगर अध्यक्ष भुवन सुवेदी, संगठन कास्कीका पूर्व अध्यक्ष कृष्ण उदासी, संगठनका महानगर उपाध्यक्ष यादव प्रसाद भट्टराई, महानगरका सचिव प्रकाश रिजाल, शिक्षक सम्झना कट्टेल लगायतले वोलेका थिए। संगठनको महानगरमा ५१ र जिल्लामा ९९ सदस्य परिषद गठन हुने भएको छ।

# एकता सहकारीको रक्तदान मा ६० युनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ कार्तिक**




एकता बचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखराले बुधबार आयोजना गरेको खुल्ला रक्तदान कार्यक्रममा ६० युनिट रगत संकलन भएको छ।

'रक्तदान जीवन दान, जीवन दान महादान' भन्ने मुलनाराका साथ पोखरा - १४ चाउथे स्थित सहकारीको प्रांगणमा भएको कार्यक्रममा पहिलो रक्तदाता सहकारीकी कर्मचारी ववीता गिरीलाई प्रमुख अतिथि गण्डकी प्रदेशका बन, बातावरण तथा भू-संरक्षण मन्त्री दिपक चर्तीमगरले व्लड व्याग हस्तान्तरण गरी कार्यक्रमको उद्घाटन गर्नुभएको थियो। उक्त अवसरमा बोल्नुहुँदै मन्त्री मगरले मानवीय जीवन रक्षाका लागि रगतको अति आवश्यक पर्ने भएकाले सवै क्षेत्रबाट रक्तदान गरे धेरै मानिसहरुले नयाँ जीवन पाउने विश्वास व्यक्त गर्नुभयो। मन्त्री चर्चिमगरले रगत अभावको अवस्थामा रक्तदानले महत्वपूर्ण भूमिका खेल्ने समेत विश्वास व्यक्त गर्नुभयो। उहाँले सहकारी ले आयोजना गरेको यस प्रकारको मानवीय कार्य प्रति धन्यवाद समेत ब्यक्त गर्नु भयो। कार्यक्रममा सहकारीका सल्हाकार रविनबावु पौडेल, कार्यक्रम संयोजक देउकुमारी गुरुङ लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो।

सहकारीका अध्यक्ष बालकृष्ण काउछा मगरको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत मन्तव्य उपाध्यक्ष नवराज सुवेदीले गर्नु भएको थियो भने, सचिव शुदर्शन पौडेलले कायक्रम सञ्चालन गर्नभएको थियो।

# नेकपा एकीकृत बैदामको शुभकामना आदान प्रदान तथा पाटी कार्यलय कार्यालय उद्घाटन

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ कार्तिक**




नेपालीहरुको महान पर्व विजयादशमी, दिपावली, नेपाल सम्वत, छठ तथा इदको उपलक्ष्यमा नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजबादी) पोखरा ६, बैदामले बुधबार शुभकामना तथा पार्टी कार्यालय शुभारभ्भ सहित चियापान कार्यक्रमको आयोजना गरेको छ।

कार्यक्रमका प्रमुख अतिथि स्थाइ कमिटि सदस्य चुडामणि जंगलीले कार्यक्रमको उद्घाटन गर्दै नेकपा एमाले अध्यक्ष केपी वली प्रधानमन्त्री रहेका बेला नेपालमा भ्रष्टाचार, गरिब र कालोबजारी बढेको पार्टी राम्रोसगँ सञ्चालन गर्ने नसक्ने कारणले नेपालमा नेपाल कम्युनिष्ट पार्टी एकीकृतको समाजबादीको जन्म भएको बताएका छन। सहमति सहकार्य गरेर देशलाई निकास दिन र संविधानको रक्षाका लागि नेपाली काग्रेसको नेतृत्वमा नेपाल कम्युनिष्ट पार्टी माओबादी र मधेशबादी दल जसपा सहित एकिकृत समाजबादी पार्टी सरकारमा सहभागी भएको प्रष्टाए। नेपालको प्रमुख शत्रु गरिबी, भ्रष्टाचार र कालोबजारीलाई अन्त गर्ने बर्तमान सरकारको प्रमुख दायित्व रहेको विचार समेत ब्यक्त गरे।

कास्की जिल्ला कमिटि अध्यक्ष धनराज आर्चायले नेपालमा कम्युनिष्ट पार्टीका पूर्खाहरुले जुन उद्देश्यले कम्युनिष्ट पार्टीको स्थापना गरेको थिए, तर नेपालमा स्थापना अनुरुप कम्युनिष्ट पार्टीहरुले काम गर्ने नसकेको बताइ। अध्यक्ष र प्रधानमन्त्रीमा रहेका केपी वलीले पार्टीको सिद्धान्त अनुरुप सञ्चालन गर्ने नसकेकोले नै नेपालकै ठुलो कम्युनिष्ट पार्टी एमाले दुई भागमा विभाजन भएको बताए। पूर्खाहरुले जुन उदेश्यले पार्टी स्थापना गरेका थिए, परानै अवास्थामा पुऱ्याउनका आफु प्रतिबद्ध रहने कुरामा जोड दिए।

पोलिटब्युरो सदस्य तथा पूर्व जिल्ला उपसभापति श्रीनाथ बरालले केपी वलिको नेतृत्व दुइतिहाइको सरकार भष्ट्रचार, कालोबजारी र घुसखोरीमा लिप्त रहेको बताउदै केपी वलीको पार्टीलाई अब आउने चुनाबमा जनताले पत्तासाफ गरेर देखाउनेमा आफु ढुक्क रहेको बताए।

पोखरा महानगर पालिका वडा ६ का वडा अध्यक्ष जगत बहादुर पहारीले स्थानिह तह हुदै प्रदेश र केन्द्र सम्म पार्टी विच सहकार्य र सहमतिले मात्र राष्ट्रको विकास निर्माण सम्भब हुने कुरामा जोडा दिए। प्रदेश कमिटि सदस्य ईश्वरी न्यौपानेले देश र जनताको मर्म भावना अनुरुप पार्टी संचालन गर्ने नसक्ने ब्यक्ति कम्युनिष्ट पार्टीमा हावी भएका कारणले नेकपा एमाले जनताको नजरमा गिरेको बताउदै केपी वली नेपालको प्रधान मन्त्रि भएर देशलाई निकास दिन नसक्दा नेपाली जनताले दुख पाएको बताए।

पोखरा महानगर पालिका वडा नं ६ का वडा कमिटि अध्यक्ष गिरीराज अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा वडा न ६ का वडा इन्चार्ज केदार न्यौपाने, प्रदेश कमिटि सदस्य हेमकुमार श्रेष्ट र जिल्ला कमिटि सचिबालय सदस्य तुलसि दाहाल लगाएका बक्ताहरुले स्थानिय निकाए देखि प्रदेश हुदै राष्ट्रिय सरकारमा दुई तिहाइको सरकार हुँदा समेत केपी वलीको नेतृत्व असफल भएको र संविधान विपरित काम गरेका कारण नेकपा एमाले जनताको नजरमा गिरेको बताए।

# छठ पर्व र पठन संस्कृतिको अरण्यज्योतिमा छलफल

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ कार्तिक**




छठ पर्वको आदिम मान्यता र वर्तमान धारणा साथै घर घर र टोल टोलमा पठन संस्कृतिलाई उकास्ने उद्देश्य अनुरुप अरण्यज्योति पुस्तकालयमा विद्यार्थीहरु विच चेतना अभिबृद्धि कार्यक्रम गरिएको छ।

बुधवार भएको कार्यक्रममा पुस्तकालयका अध्यक्ष राजेन्द्र भण्डारीले नेपालको तराई क्षेत्रमा बसोबास गर्ने हिन्दु समुदायहरुले मनाउने यस महत्वपूर्ण पर्वमा षष्ठी भगवतीको पुजा अर्चना गरी पुत्र, पति र परिवारको कल्याणको कामना गरे।

भक्ति र श्रद्धाका साथ मनाउने यस पर्वको पावन अवसरमा पञ्चमीदेखि व्रत बस्ने महिला तथा पुरुषले छठका दिन साझ अस्ताउँदो सूर्यलाई जलाशयमा उभिएर पुजासहित अर्घ दिएपछि रातभर नदी तथा तलाउको किनारमा बसी भजन कीर्तन गर्दै भोलिपल्ट सप्तमीका दिन विहान उदाउँदो सुर्यलाई अर्घ दिई पुजा विर्सजन गर्ने परम्परा रहेक भण्डारीले जानकारी दिए। यस पर्वको सन्दर्भ अग्नि पुराण, महाभारत र राजदशरथकी रानी कौशल्याकालीन छठ व्रतको प्रसंगलाई सुसुचित गराउँदै पुस्तकालयले यस्ता पौराणीक महत्व बोकेका सम्पदाहरुको बारेमा वर्तमान र भविष्यका विराट सपना बोकेका विद्यार्थीहरुविच कार्यक्रक गरिएको हो।

कार्यक्रमको संयोजन पुस्तकालयका कोषाध्यक्ष लक्ष्मिप्रसाद अर्यालले गरेका थिए। कार्यक्रममा ३२ जना विद्यार्थीहरुको सहभागीता रहको कुरा पुस्तकालयका कार्यालय सचिव तसवर अलिले बताए।

# देशभर चिसो बढ्यो

**रासस**
**काठमाडौं, २४ कार्तिक**

काठमाडौं उपत्यकासहित देशभरको तापक्रम घट्दै गएको छ। आज काठमाडौंको न्यूनतम तापक्रम ९ दशमलव शून्य डिग्री मापन गरिएको छ।

जल तथा मौसम विज्ञान विभागका मौसमविद् मञ्जु बासीका अनुसार देशभर चिसो बढ्दै जाने क्रममा रहेको छ। दिनभर घाम लागे पनि बिहानबेलुका जाडो बढेको महसुस भएको छ। "तत्काललाई पानी पर्ने सम्भावना रहेको छैन", उहाँले भन्नुभयो। वर्षा गराउने उल्लेखनीय मौसमी प्रणाली देशभर नै नरहेको बताइएको छ। महाशाखाका अनुसार नेपाली वायुमण्डलमा पश्चिमी वायुको प्रभावसँगै जाडोयाम सुरु हुन्छ। हाल देशको पहाडी भू-भागमा आंशिक बदली र बाँकी भू-भागमा मौसम सफा रहेको छ। दिउँसो प्रदेश नं १ वाग्मती र गण्डकी प्रदेशका भूभागमा आंशिकदेखि सामान्य बदली र बाँकी भागमा मौसम सामान्यतया सफा रहने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम ९ दशमलव शून्य डिग्री र अधिकतम तापक्रम २४ दशमलव शून्य डिग्री सेल्सियस रहेको छ। त्यस्तै आज सबै भन्दा कम जुम्लाको न्यूनतम तापक्रम माइनस दुई दशमलव शून्य डिग्री र सबै भन्दा धेरै जनकपुरको अधिकतम तापक्रम ३१ दशमलव पाँच डिग्री सेल्सियस रहेको छ।

# कुरीति अन्त्यका लागि सोचाइ परिवर्तन गर्न आवश्यक छ : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ कार्तिक**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले बोक्सी प्रथालगायत विभिन्न कुरीति र विकृतिको अन्त्यका लागि मानिसको सोचाइमा परिवर्तन आवश्यक पर्ने बताउनुभएको छ।

बोक्सी कु-प्रथाविरुद्ध राष्ट्रिय महाभियान सञ्चालन गर्दै आएको 'मान्छे बोक्सी हुन्न कहिल्यै' राष्ट्रिय जागरण प्रतिष्ठान नेपालको तेस्रो अधिवेशनको आज पोखरा महानगरपालिका-२५ हेमजामा उद्घाटन गर्दै उहाँले कानुन, नियम र सरकारी निर्णयले मात्र कुरीति अन्त्य नहुने भएकाले सोचमा परिवर्तन र चेतना आवश्यक रहेको बताउनुभयो। सामाजिक परिवर्तनको कार्य आफैँमा चुनौतीपूर्ण रहेको बताउँदै उहाँले विकृतिका रुपमा रहेका विभिन्न प्रथाको अन्त्यका लागि साझा दायित्व आवश्यक पर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "राजनीतिक परिवर्तनका लागि समय लागे पनि सोको अनुभव छिट्टै गर्न पाइन्छ। छुवाछूत, महिला हिंसाजस्ता विभेद र गैरकानुनी कार्यलाई कानुन बनाएर नियन्त्रण गर्न खोजे पनि कायम रहने गरेको छ। विकृति र कुरीतिको अन्त्यका लागि साझा दायित्व आवश्यक पर्दछ।" मुख्यमन्त्री पोखरेलले गण्डकी प्रदेशलाई बोक्सी विकृतिमुक्त प्रदेश घोषणा गर्न सकेको खण्डमा प्रदेश सरकारका लागि गौरव विषय बन्ने बताउँदै उहाँले प्रतिष्ठानसँग सहकार्य गरेर सरकार अघि बढ्न सरकार तत्पर रहेको बताउनुभयो। माछापुच्छ्रे गाउँपालिका उपाध्यक्ष कृष्णकुमारी दवाडीले एक जना व्यक्तिबाट सुरु गरिएको बोक्सी प्रथाविरुद्धको अभियानलाई देशव्यापी बनाउन सरकारले अपनत्व लिनुपर्ने बताउँदै स्थानीय सरकार सहकार्य गर्न तयार रहेको बताउनुभयो। बोक्सी प्रथाविरुद्धको अभियानका अभियन्ता एवं प्रतिष्ठानका अध्यक्ष कोविदशरण उपाध्यायले बोक्सी प्रथाविरुद्ध बनाइएको चलचित्र 'अग्निदहन' हालसम्म देशका २२ जिल्लाको ७० स्थानमा प्रदर्शन गरिएको बताउनुभयो। आफूहरूले सञ्चालन गरेको अभियान नेपाल सरकारबाट समेत पुरस्कृत र सम्मानित भएको जानकारी दिँदै उहाँले केही महिनापछि तराईका विभिन्न जिल्लामा 'अग्निदहन' प्रदर्शन गरिने बताउनुभयो।

कार्यक्रममा पोखरा-२५ का वडाध्यक्ष शोभाखर तिमिल्सिना, नेपाली कांग्रेसका वडा एकाइ सभापति मधुसुदन त्रिपाठी, माओवादी केन्द्रका अध्यक्ष माधवशरण पौडेल, समाजसेवी देवी त्रिपाठी, जागरण अभियान नेपालका संस्थापक मोतिराज तिमिल्सिना, प्रतिष्ठानका महासचिव श्रीभद्र पौडेलले सामाजिक कुरीतिका रुपमा रहेको बोक्सी प्रथाको अन्त्यका लागि सचेतनामूलक अभियानलाई राज्यले सहयोग गर्नुपर्ने र देशका ७७ वटै जिल्ला र सबै स्थानीय तहसम्म लैजानुपर्नेमा जोड दिनुभएको थियो।


## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता:** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग:** छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु ।
- जर्ज बार्वर

## सम्पादकीय

# जनगणनालाई सबैले सघाऔं

राष्ट्रिय जनगणना आजदेखि शुरु हुँदैछ । प्रत्येक दस वर्षमा हुने जनगणनाको यो बाह्रौं संस्करण हो ।आगामी मङ्सिर ९ गतेसम्म जारी रहनेछ । कोभिड-१९ का कारण जनगणना ढिलो भएको छादेशका सबै वर्ग,समुदाय परिचालन हुने जनगणनाका लागि  सम्पूर्ण तयारी पूरा भएको केन्द्रीय तथ्याङ्क विभागले जनाएको छ । जनगणनाको पहिलो चरणमा घर तथा घरपरिवार सूचीकरण यसअघि नै भइसकेको छ । सूचीकृत भइसकेका र कुनै कारणले छुटेकासमेत सबै परिवारमा गणक पुगी १५ दिनभित्र सबै व्यक्तिको विस्तृत विवरण सङ्कलन गर्नेछन् ।त्यसका लागि करिब ४० हजार गणक र आठ हजार ५०० सुपरीवेक्षक परिचालन गरिने भएको छ ।

जनगणना सफल बनाउन केन्द्रदेखि वडा तहसम्म विभिन्न जनगणना समन्वय तथा सहजीकरण समिति गठन गरिएको छ । जनगणना सञ्चालन गर्न सात प्रदेशमा जनगणना कार्यालयसहित ८७ जिल्ला जनगणना कार्यालय र त्यसअन्तर्गत ३४९ स्थानीय जनगणना कार्यालय स्थापना भएका छन् । यश अघिको भन्दा यसपटक धेरै पक्ष समेटिएको प्रश्नावली राखिएको छ । जनगणनाको फाराममा ८० वटा प्रश्नावली रहेका छन् । एक परिवारलाई प्रश्नावली भर्नाका लागि औसतमा २० मिनेट समय लाग्ने अनुमान गरिएको छ । यस क्रममा देशभरका छ हजार ७४३ वडाबाट आधारभूत आर्थिक, सामाजिक, सेवा, सुविधा, पूर्वाधार र विपद् अवस्थाको समेत जानकारी सङ्कलन गरी सामुदायिक प्रश्नावली भरिने र यसबाट सम्पूर्ण वडाको वास्तविक जानकारी पाउन सकिने  बनाइएको छ ।

यसपटक विदेशस्थित नेपाली कूटनीतिक नियोगहरुमा इ-सेन्ससविधि अपनाई वेबसाइट एप्लिकेशनबाट नेपाली कर्मचारी तथा आश्रित व्यक्तिको विवरण सङ्कलन गर्न लागिएको छ । घरपरिवार सूचीकरणका आधारमा यसपटकको जनगणनामा नेपालको जनसंख्या तीन करोड नपुग्ने अनुमान गरिएको छ । तीन महिनाभित्र जनगणनाको प्रारम्भिक प्रतिवेदन ल्याइने र पूर्ण विवरण आउन दुई वर्षको समय लाग्ने बताइएको छ । हरेक दश वर्षको अन्तरालमा गरिने जनगणनाले राष्ट्रिय र स्थानीयस्तरमा आधारभूत जनसंख्याको तथ्याङ्क तयार गरी आवधिक विकास लक्ष्य तथा दिगो विकास लक्ष्यका अनुगमन र मूल्याङ्कनसँग सम्बन्धित सामाजिक, जनसाख्यिक र आर्थिक सूचकको लागिसमेत सूचना प्रदान गर्न सकिने हुँदा तीन तहका सरकारले सघाउनु पर्दछ । राजनीतिक दलले पनि सघाउन आफ्ना सदस्यहरूलाई आग्रह गरेका छन।कोही नछुटुन, कोही नदोहोररिउन भने मान्यताको आधारमा जनगणनामा सबैले सघाउनु आबश्यक छ ।

जनगणनाले कुन ठाउँमा कति मानिसको बसोबास छ, कुन समुदायका र कुन उमेरका मानिसको बसोबास छ, शिक्षा स्वास्थ्य र मानव विकासको अवस्था के छ भन्ने देशैभरिका नागरिकको सूचना एकैपटक उपलब्ध गराउँदछ,' । 'देशमा रोजगार, बेरोजगार नागरिक कति छन्, वैदेशिक रोजगारीमा छन्, यी सबै जानकारी जनगणनाबाट नै प्राप्त हुन्छ ।' संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो जनगणना पनि भएकाले संघीयता अवलम्बन गरिसकेपछि यसले जनतालाई राज्यले उपलब्ध गराउने सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन के कस्तो रणनीति अपनाउनु पर्छ भन्ने मार्ग निर्देशनसमेत यसबाट हुनेछ । हरेकले आफ्नो घरमा आउने गणकलाई सही विवरण टिपाएर सहयोग गर्नुपर्छ । जनगणना सफल पार्न सबै राजनीतिक दल, संघ संस्था, नागरिक समाज र संचार माध्यम र पत्रकारको पनि उत्तिकै महत्त्व छाराज्यले सबैको सहयोग र साथ लिएर सफल पार्नुपर्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : सम्मान मिल्नेछ |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : झमेला बड्ने | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : मन चञ्चल | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# दसैंतिहारमा घरबास पर्यटनमा राहत

-वासुदेव पौडेल
गण्डकी, २४ कार्तिक (रासस)

कोरोना महामारीका कारण दुई वर्षयता थलिएको घरबास (होमस्टे) पर्यटनमा दसैंतिहारको समयमा आन्तरिक पर्यटकको चहलपहल बढेसँगै केही राहत मिलेको छ ।

दसैं तिहारका बीचमा गण्डकी प्रदेशभित्रका चर्चित होमस्टेहरूमा पर्यटकको चहलपहल बढेसँगै व्यवसायीलाई पनि उत्साहित बनाएको छ । यस अवधिमा कास्कीको सिक्लेस, स्याङ्जाको सिरुबारी, पर्वतको भुकदेउराली, मुस्ताङको ठिनी, नवलपुरको अमलटारी लगायतका होमस्टेमा पर्यटकको उपस्थिति उत्साहजनक रहेको गाउँ पर्यटन प्रवर्द्धन मञ्च भिटोफ गण्डकी प्रदेशका अध्यक्ष नवराज अधिकारीले बताउनुभयो ।

"कोरोनाका कारण सुनसान जस्तै बनेका प्रदेशभित्रका अधिकांश घरबास (होमस्टे)मा दसैंतिहारको अवधिमा आन्तरिक पर्यटकको राम्रै उपस्थिति देखियो," उहाँले भन्नुभयो, "समग्रतामा क्षमताको ४० प्रतिशत पर्यटक होमस्टेमा पुगे पनि यसले आगामी दिनका लागि राम्रो सन्देश दिएको छ ।"

गण्डकी प्रदेशका हिमालपारिको मनाङ, मुस्ताङ हुँदै पहाडी जिल्ला कास्की, तनहुँ, लम्जुङ, म्याग्दी, पर्वत, बाग्लुङ, स्याङ्जा, गोरखा र तराईको नवलपुर सबैका होमस्टे सञ्चालनमा आएका छन् । नेपालमा नै पहिलोपटक स्याङ्जाको सिरुबारीमा होमस्टेको सुरुआत भएका कारण यस प्रदेश होमस्टेको जननी पनि हो । हिमालदेखि पहाड हुँदै तराईसम्म समेटिएको गण्डकीमा हिमालपारिको जिल्ला मुस्ताङको ठिनी सामुदायिक घरबाससहित यहाँ छवटा सामुदायिक घरबास सञ्चालनमा छन् ।

त्यस्तै हिमालपारिको अर्को जिल्ला मनाङमा पनि ओढार सामुदायिक घरबास सञ्चालनमा आएको छ । पहाडी जिल्लातर्फ नेपालमा नै पहिलोपटक सुरु भएको सिरुबारी घरबासदेखि लम्जुङको घलेगाउँ सामुदायिक घरबास जस्ता घरबासले पर्यटकलाई स्वागत गर्दै आएका छन् । प्रदेशको तराईस्थित नवलपुरको अमलटारी सामुदायिक होमस्टेलगायत थारू एवम् मगर आदि जातजातिले सञ्चालन गर्दै आएका १० वटा घरबास सञ्चालनमा छन् । पछिल्ला दिनमा प्रदेशमा घरबास थपिने क्रम पनि उत्तिकै बढेको र हालसम्म ३०० भन्दा बढी घरबास सञ्चालनमा रहेको अध्यक्ष अधिकारीले जानकारी दिनुभयो । कोरोना कहर साम्य भइनसकेका कारण घरबास सञ्चालकले स्वास्थ्य मापदण्ड पालनालाई पनि जोड दिँदै आएको सञ्चालकहरू बताउँछन् । कोरोना कहरबीचमा होमस्टे सञ्चालकहरूले समयको सदुपयोग गर्दै पूर्वाधारलाई व्यवस्थित बनाउने काम गरेको मिलेनियम भैँसेगौडा सामुदायिक होमस्टे, स्याङ्जाका अध्यक्ष बालकुमार गुरुङले जानकारी दिनुभयो । तनहुँको दुलेगौँडादेखि स्याङ्जाको रामबाछा जोड्ने सहस्राब्दी पदमार्ग (मिलेनियम ट्रेक) मा पर्ने मिलेनियम भैँसेगौँडा सामुदायिक होमस्टेमा दसैंतिहारको समयमा समूहसमूहमा पर्यटकहरू आएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार सहस्राब्दी पदमार्ग क्षेत्रमा हाल १३ वटा घरबास सञ्चालनमा आइसकेका छन् । गण्डकी प्रदेशमा कोरोनाका कारण सुस्ताएको पर्यटन दसैंतिहारको समयमा केही मात्रामा भए पनि चलायमान भएको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख काशीराज भण्डारीले जानकारी दिनुभयो । पर्यटनलाई चलायमान बनाउन आगामी दिनमा प्रवर्द्धनका कार्यक्रमलाई अघि बढाइने उहाँले बताउनुभयो । कोरोनाका कारण रोजगारीसमेत प्रभावित भएका पर्यटन क्षेत्रमा क्रियाशील मजदुरलाई केही न केही राहत पुगोस् भन्ने उद्देश्यका साथ युएनडिपीसँगको सहकार्यमा बोर्डले बिग्रेभत्केका पदमार्गको मर्मत तथा सुधार लगायतका कामलाई पनि अघि बढाएको उहाँले जानकारी दिनुभयो ।

गण्डकी प्रदेशभित्र मर्दी पदमार्ग, घलेखर्क-सिक्लेस पदमार्ग, कास्कीकोट-सराङकोट पदमार्ग, डेभिजफल्स-विश्वशान्ति स्तूप पदमार्ग लगायतका स्थानमा पर्यटन मजदुर परिचालन गदै पदमार्गको स्तरोन्नतिसँगै मर्मत एवम् सुधारका काम गरिएको उहाँले जानकारी दिनुभयो ।

# 'ढोरपाटन जति घुमेपनि धित मर्दैन'

पोखरापत्र संवाददाता
बागलुङ, २४ कार्तिक

नेपालकै एक मात्र सिकार आरक्ष क्षेत्र ढोरपाटनमा आन्तरिक पर्यटक बढ्न थालेका छन् । दसैं, तिहारका समयमा सो स्थान घुम्ने पर्यटकमा वृद्धि हो । ढोरपाटनको हिमाली क्षेत्रमा अहिले यस वर्षको दोस्रो सिकारयाम चलिरहेको छ तर सिकार खेल्न विदेशी पर्यटक सोझै हिमाली क्षेत्रमा पुग्ने भए पनि आन्तरिक पर्यटक सिकार आरक्ष क्षेत्र कार्यालयस्थित ढोरपाटन उपत्यका, ढोरबारही मन्दिरलगायतका रमणीय क्षेत्रको अवलोकनका लागि त्यहाँ पुगेका छन् ।

ढोरपाटनमा सडकको सहज पहुँच, होटल, सामुदायिक घरबास र सञ्चार सुविधा पुगेसँगै थप आकर्षण बढ्न थालेको हो । यस वर्ष ढोरपाटनमा आन्तरिक पर्यटकको आगमन धैरै भएको स्थानीयवासी गगन पुनले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "कोरोनाका कारण केही शिथिल बनेको ढोरपाटनको पर्यटन यस वर्ष निकै बढेको छ ।" विशेषगरी बागलुङ, पर्वत, प्यूठान, गुल्मी, रुपन्देहीलगायतका स्थानबाट ढोरपाटन बढी आउने गरेको उहाँको भनाइ छ । "यस वर्ष त आन्तरिक पर्यटक राम्रै आएका छन्, दैनिक २०० भन्दा बढी पर्यटक ढोरपाटनमा आएको मैले पाएको छु, कोही गाडी लिएर आउँछन्, कोही मोटरसाइकल लिएर आउँछन्", उहाँले भन्नुभयो, "सडकको सुविधा भएर पनि होला, पहिलेजस्तो पैदल हिँड्न परेन, गाडी ढोरपाटनको सबै ठाउँ पुग्छ ।"

पर्यटकको आमगन बढेसँगै ढोरपाटनमा व्यापार-व्यवसाय पनि फस्टाउन थालेको छ । उहाँले ढोरपाटनमा उत्पादन हुने आलु, स्याउ, सिमीलगायतका उत्पादित वस्तुले समेत उचित मूल्य पाउन थालेको जनाउँदै ढोरपाटनवासी पनि अब व्यवसायसँग जोडिन थालेका छन् । यसपटकको बिदाको समयमा पारिवारिक भ्रमणको गन्तव्य ढोरपाटन रोजेको बागलुङका अधिवक्ता राम शर्माले बताउनुभयो ।

उहाँसहित आठ जनाको समूह तीनदिने ढोरपाटन भ्रमण सकेर मङ्गलबार बागलुङ फर्किएको छ । "पाँचौँपटक ढोरपाटन पुगे, यसपटक परिवार सबैलाई लिएर गएको थियो, होटल भरिभराउ भएको पाइयो, दैनिक चार/पाँच सय पर्यटक ढोरपान पुगेको देखियो", उहाँले भन्नुभयो, "पुगे पनि धित मर्दैन ढोरपाटनमा पछिल्लो समय सेवा सुविधा वृद्धि भएर होला पर्यटक राम्रै पुगेको पाइयो ।" पर्यटकको बाक्लो उपस्थिति रहेको ढोरपाटन भ्याली होटलका सञ्चालक गङ्गा भण्डारीले जानकारी दिनुभयो । पछिल्लो समय ढोरपाटन क्षेत्रमा होटल तथा घरबासको सङ्ख्यामा वृद्धि हुँदै आएको स्थानीयवासी गौमती पुनले बताउनुभयो ।

# किसानलाई अनुदानमा आलुको बीउ

पोखरापत्र संवाददाता
दमौली, २४ कार्तिक

तनहुँको व्यास नगरपालिकाले कृषकलाई अनुदानमा आलुको बीउ वितरण गर्ने भएको छ । नगरपालिकालाई आलुमा आत्मनिर्भर गराउने ध्येयले बीउ वितरण गर्न लागिएको हो ।

कृषकको मागअनुसार आलुको बीउ तत्काल खरिद गरी ५० प्रतिशत अनुदानमा उपलब्ध गराउन सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय भएको नगर प्रवक्ता मोहनकुमार श्रेष्ठले जानकारी दिनुभयो । नगर कार्यपालिकाको मङ्गलबार बसेको बैठकले आलुको बीउ वितरण गर्ने निर्णय गरेको हो ।

नगरपालिकाले गत वर्ष जिल्लाका विभिन्न कृषक समूहलाई साढे नौ टन आलुको बीउ वितरण गरेको थियो । नगरपालिकामा करिब ६०० रोपनी क्षेत्रफलमा आलुखेती हुने गरेको छ । आलुमा अनुदान दिन थालिएपछि यहाँका कृषक यसतर्फ आकर्षित हुँदै गइरहेका छन् ।

कार्यपालिका बैठकले जलस्रोत कार्यविधि २०७८ पारित गरी नगरप्रमुखको अध्यक्षतामा जलस्रोत समिति गठन गरेको छ । नगरपालिकाअन्तर्गतका सामुदायिक विद्यालयका विद्यार्थीको स्वास्थ्य परीक्षण गर्न आवश्यक व्यवस्थाका लागि स्वास्थ्य तथा जनसङ्ख्या शाखालाई निर्देशन दिने निर्णय भएको छ ।

विगत तीन वर्षको व्यवसाय कर उठाउन बाँकी देखिएकाले आगामी पुस मसान्तभित्र व्यवसाय कर बुझाउने व्यवसायीको आब २०७६/७७ को व्यवसाय कर छुट दिने निर्णय भएको नगरपालिकाले जनाएको छ ।


## कुक चाहियो

**नेपाली खाना बनाउन जान्ने कुकु तुरुन्त चाहियो ।**

**सम्पर्कः ९८४६०३३४५५**

## फेन्सी पसल बिक्रीमा

**चालु अवस्थामा पोखरा नागढुंगा स्थित फेन्सी, कस्मेटिक, हस्पिटल जन्य सामग्री भएको फेन्सी पसल बिक्रीमा ।**

**सम्पर्कः ९८४६५२१९९३**


# तिहारमा रु १५ करोड बढी फूलको कारोबार

रासस
काठमाडौं, २४ कार्तिक

यस वर्षको तिहारमा रु १५ कारोड २० लाख ७५ हजार फूलको कारोबार भएको छ । काराबार भएकामध्ये सबै भन्दा बढी सयपत्री फूल रु १२ करोड ७० लाख ५० हजार, मखमली रु एक करोड ६७ लाख ७५ हजार, गोदावरी रु ५२ लाख ५० हजार र ३० लाखको मखमली विभिन्न देशमा निर्यात भएको बताइएको छ ।

फ्लोरिकल्चर एशोसिएसन नेपालका अध्यक्ष मीनबहादुर तामाङका अनुसार बजारमा १८ लाख ५० हजार मालाको माग भए पनि मागभन्दा बढी २१ लाख माला खपत भएको हो । उहाँका अनुसार गत वर्ष रु १३ करोड मूल्यको १६ लाख मालाको कारोबार भएको थियो । तिहार सुरु हुनुभन्दा २० दिनअगावै गैर पुष्प व्यवसायीले समन्वयविना नै ठूलोमात्रामा भारतबाट सयपत्री फूलको माला आयात गरी कोल्डस्टोरमा स्टोरेज गरेका कारण बजार मागभन्दा अधिक आपूर्ति भएको र भारतीय सयपत्रीको मालाले बजार हिस्साको करिब ३० प्रतिशत खपत भएको र उक्त माला सस्तो भएकाले नेपाली उत्पादनले बजार नपाइ करिब १५ प्रतिशत सयपत्री फूलको माला फाल्नु परेको पनि अध्यक्ष तामाङले गुनासो गर्नुभयो । विशेषगरी तिहारका लागि सयपत्री र अन्य समयमा सजावटका लागि केही फूल भारतबाट आयात हुने गरेको छ । हाल स्वदेशमा व्यावसायिकरूपमा ४५० प्रजातिका फूल नेपालमा उत्पादन हुँदै आएको छ । यस व्यवसायबाट ४१ हजारभन्दा बढी व्यक्तिले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा लाभ लिएका छन् । नेपालमा लगभग १५७ हेक्टर क्षेत्रफलमा ७०० व्यवसायीले फूलको खेती गर्दै आएका छन् । फूलको मागमा आएको वृद्धिसँगै विशेषगरी काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, गुल्मी, पाल्पा, धादिङ, मोरङलगायत ४१ जिल्लामा ६७५ पुष्पखेती तथा नर्सरी विस्तार भइसकेको छ । नेपालमा विसं २००७ देखि सुरु भएको पुष्प व्यवसाय शहरीकरणको विकाससँगै थप फस्टाउँदै गएको छ ।

# भुस पोल्ने पर्वमा सार्वजनिक बिदा

रासस
बागलुङ, २४ कार्तिक

ऐतिहासिक भुस पोल्ने पर्वका अवसरमा शुक्रबार ताराखोला गाउँपालिकाले सार्वजनिक बिदा दिएको छ । गत १२ गते बसेको गाउँ कार्यपालिकाको बैठकले बिदाको निर्णय गरेको हो । वडा नं २ अर्गलमा प्रचलित सो पर्व वर्षेनी कात्तिक २४ देखि २६ गतेसम्म मनाइन्छ ।

पर्वको मुख्य दिन शुक्रबार गाउँ कार्यपालिका, वडा कार्यालय, विद्यालयलगायत सार्वजनिक सङ्घसंस्थामा बिदा दिने निर्णय गरिएको गाउँपालिकाका अध्यक्ष प्रकाश घर्तीले जानकारी दिनुभयो । गाउँपालिकाले विसं २०७६ देखि भुस पोल्ने पर्वमा बिदा दिन थालेको उहाँको भनाइ छ ।

ताराखोलाको रैथाने मगर समुदायले उक्त पर्वलाई उल्लासका साथ मनाउने गर्छ । सदियौँअघि पाल्पाको अर्गलीबाट बसाइँसराइ गरी आएका मगरका पूर्वजले पर्वको चलन बसालेका हुन् । अर्गलमा खोरिया खनी थातथलो बसाएको र खेती सुरु गरेको दिनको सम्झनामा भुस पोल्ने पर्व मनाउने गरिन्छ । पर्वका अवसरमा प्रकृति पूजाका साथै भुस पोल्ने, छापे खन्ने, मृत्यु संस्कारलगायत सांस्कृतिक गतिविधि हुन्छन् । ताराखोला क्षेत्रमा त्योसँगै परम्परागत सिस्नो खोस्ने, असारे, भदौरे जस्ता मेला, पर्व प्रचलित छन् । त्यहाँको मगर समुदायले सयौँ वर्ष पुरानो सांस्कृतिक परम्परालाई धान्दै आएको छ ।

# श्रेष्ठ उत्कृष्ट निर्णायक

रासस
काठमाडौं, २४ कार्तिक

तेक्वान्दोका मुख्य प्रशिक्षक नवीनकुमार श्रेष्ठ पाकिस्तान ओपन इन्टरनेसनल जी वान तेक्वान्दो च्याम्पियनसिपमा उत्कृष्ट निर्णायक घोषित हुनुभएको छ ।

यही कात्तिक २० देख २२ गतेसम्म पाकिस्तानको इस्लामाबादमा भएको प्रतियोगितामा नेपालबाट ६ सहित करिब ५० निर्णायकको सहभागिता रहेको थियो । चार वटा एरिनामा खेल खेलाइएकोमा समग्रमा उत्कृष्ट निर्णायक घोषित भएको श्रेष्ठले जानकारी दिनुभयो । नेपालबाट प्रतियोगितामा श्रेष्ठसहित अशोक खड्का, मीन न्यौपाने, रवीन्द्र मल्ल, जितसिंह लामा र दीपेन्द्र ढकालले निर्णायकको भूमिका निर्वाह गर्नुभएको थियो । श्रेष्ठ यसअघि २०१९ को जुलाइमा जोर्डनमा भएको एशियाली तेक्वान्दो च्याम्पियनसिपमा पनि उत्कृष्ट निर्णायक चुनिनुभएको थियो । श्रेष्ठ १३ औं दक्षिण एशियाली खेलकूद (साग) को नेपाली तेक्वान्दो टोलीका मुख्य प्रशिक्षक पनि हुनुहुन्थ्यो । उक्त सागको तेक्वान्दोमा नेपालले १२ स्वर्ण, ६ रजत र ११ कास्य पदक जितेको थियो । २७ खेल समावेश सागमा नेपाललाई सबै भन्दा बढी पदक दिलाउने खेल तेक्वान्दो हो । पाकिस्तानको प्रतियोगितामा ६ खेलाडी तथा समान १-१ प्रशिक्षक र अफिसियल पनि नेपालबाट सहभागी भएका थिए । सबै खेलाडी पदकविहीन रहे ।

# सहकारीलाई बैंकको नक्कलगर्ने छुट छैन: मन्त्री बराल

पोखरापत्र संवाददाता
पोखरा, २४ कार्तिक

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले सहकारीलाई बैंकको नक्कर गर्ने छुट नभएको बताउनु भएको छ।

पोखरा ११ स्थित महिला आधार बचत तथा ऋण सहकारी संस्थाको बुधबार पोखरामा सम्पन्नभएको १० औं बार्षिक साधारण सभा तथा पाचौं अधिवेशनको उद्घाटन गर्दै मन्त्री बरालले सहकारीले आफ्नो निती र सिद्धान्त अनुसार कामगर्न निर्देशन दिदै बैंकहरु जसरी बैंकिङ कारोवार मात्रगर्ने छुट नभएको बताउनु भएको हो।

सहकारीले उद्यमशिल र आत्मनिर्भर तथा स्वरोजगार सृजनागर्न तर्फ केन्द्रित हुनु पर्ने बताउदै मन्त्री बरालले पैसाले पैसा किन्ने परिपाटीको अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो। अझै घर घरमा पुरुषबाद हाबी भएको दाबीगर्दै मन्त्री बरालले पुरुषबाद अन्त्य गर्न सवै लाग्नु पर्ने उहाँको भनाई थियो। नेकपा माओबादी गण्डकी प्रदेशका सचिवालय सदस्य समेत रहनु भएका मन्त्री बरालले माओबादीको कारण महिलाहरुलाई निती निर्माणको तहमालग्ने वातावरण भएको बताउनु भयो। संस्थाका अध्यक्ष ादुर्गा न्यौपानेको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा संस्थाका कानूनि सल्लाहकार सुरेन्द्र थापा मगर, जिल्ला सहकारी संस्थाका निवर्तमान कोषाध्यक्ष नारायण आचार्य, सल्लाहकार आसमाया खड्का, संस्थाका उपाध्यक्ष प्रमिला तझ्या, सचिव जुना के.सी., कोषाध्यक्ष सत्यदेवी रेग्मी (खनाल), लेखा समिति संयोजक सृजना अधिकारी, व्यबस्थापक सरिता कोइराला, शिक्षा उपसमिति संयोजक बिष्णु श्रेष्ठ लगायतले सहकारीले महिलाहरुको जिवनस्तर उकास्न थप टेवा पुर्याएकोमा जोड दिनु भएको थियो। २०६८ माघ २२ गते स्थापना भएको सहकारीमाहाल २ सय ६८ जना शेयर सदस्य रहेका छन्। संस्थाको अधिकृत शेयर पूजिं ३ करोड पुगेको छ भने १ करोड ९ लाख २१ हजार १ सय रुपैया चुक्ता शेयर पूजि रहेको संस्थाले जनाएको छ। संस्थाको जगेडा सहित अन्य कोषहरु गरी १२ लाख ३१ हजार १ सय७२ रुपैया रहेको छ।

संस्थाले अघिल्लो बर्ष १ करोड ७४ लाख७३ हजार कर्जा लगानी गरेको थियो भने आर्थिक बर्ष २०७७/०७८ मा २ करोड १८ लाख ४६ हजार कर्जा लगानी गरेको संस्थाले जनाएको छ। महिला आधार हाम्रो सरोकार, गरौं बचत हुन्छ गजबभन्ने नारा सहित स्थापनाभएको सहकारीले थोरै पूंजिले महिलाहरुका अति आवश्यकताहरु पुरा गर्न मद्धत पुगेको ऋण अनुगमन उपसमितिका सदस्य भिमा पौडेलले बताउनुभयो।

# डायमण्ड रनिङ सिल्डमा क्रिकेटका सेमिफाईनल खेल सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २४ कार्तिक

पोखरा महानगरपालिका वडा नं २७ तालचोकमा रहेको डायमण्ड माध्यमिक विद्यालयमा जारी चौथो डायमण्ड रनिङ सिल्ड खेलकुद प्रतियोगिताको तेस्रो दिन क्रिकेटका सेमिफाईनल खेल सम्पन्न भएको छ।

अनुशासन, समृद्धिका लागि खेलकुद भन्ने मुल नाराका साथ संचालन भईरहेको खेलकुद प्रतियोगिताको तेस्रो दिन क्रिकेटका सेमिफाईनल खेल सम्पन्न भएको विद्यालय प्रबिधि तथा मिडिया संयोजक सुमन जिसीले जानकारी दिएका छन्।

तेस्रो दिनको पहिलो क्रिकेट खेल विद्यालय समुह र कक्षा ११ व्यवस्थापन समुह बिचको खेलमा कक्षा ११ व्यवस्थापन समुह ७२ रनले विजयी भएको छ। टस जितेर पहिले ब्याटिङ रोजेको कक्षा ११ व्यवस्थापन समुहले समिप गुरुङको ४१ रनको मद्धतमा ११३ रन बनाउन



सफल भएको थियो। ११४ रनको विजय लक्ष्य लिएर मैदानमा उत्रियको स्कुल समुहलाई ४१ रनमा समेतदै कक्षा ११ व्यवस्थापन समुह विजयी भएको हो। उक्त खेलका ४१ रन बनाउन सफल कक्षा ११ व्यवस्थापन समुहका समिप गुरुङ म्यान अफ द म्याच बनेका छन्।

दोस्रो खेलमा कक्षा १२ व्यवस्थापन समुह र कक्षा १२ विज्ञान समुह बिच भएको खेलमा कक्षा १२ विज्ञान समुह ३२ रनले विजयी भएको छ। टस जितेर पहिले ब्याटिङ रोजेको विज्ञान समुहले ५ विकेटको क्षतिमा ६२ रन बनाएको थियो ६३ रनको लक्ष्य लिएर मैदानमा उत्रियका कक्षा १२ व्यवस्थापन समुहलाई रोशन र उद्धव बरालले चार चार विकेट लिदै ३० रनमै समेट सफल भएका थिए। उक्त खेलमा तिन ओभर बलिङ गर्दै ५ रन दिएर ४ विकेट लिन सफल उद्धव बराल म्यान अफ द म्याच बनेको विद्यालयमा खेलकुद शिक्षक बिनोद थापाले जानकारी दिएका छन्। कक्षा ११ व्यवस्थापन समुह र कक्षा १२ विज्ञान समुह जित सँगै फाइनलमा प्रवेश गरेका छन्। दुई समुह बिचको फाईनल खेल कार्तिक २५ गते विहान ९ बजे हुने बताइएको छ। चौथो डायमण्ड रनिङ सिल्ड यहि कार्तिक २६ गतेसम्म संचालन हुने बताईएको छ।

# गाउँमै बङ्गुरपालनबाट १८ लाख आम्दानी

पोखरापत्र संवाददाता
पर्वत, २४ कार्तिक

इराकमा अमेरिकी सेना र आतङ्कवादीबीचको लडाइँमा बचेर आएका यहाँका एक युवाले बङ्गुरपालन व्यवसायकाट मनग्य आम्दानी गर्न थाल्नुभएको छ।

कुश्मा नगरपालिका-७ खरेहाका ३६ वर्षीय गौरव क्षेत्रीले व्यावसायिक बङ्गुरपालनवाट वार्षिक रु १८ लाखसम्म आम्दानी गर्न थाल्नुभएको हो। "आतङ्कवादीले कति बेला लन्चर हान्थे थाहै नहुने तर अमेरिकी सैनिकले लन्चर आउँदै गरेको सूचना पाएपछि सबैलाई बङ्करमा लुक्न पठाउँथ्यो। त्यही आक्रमणमा परेर कति साथी त मारिए", उहाँले भन्नुभयो, "मौकाले बाँचियो। बममा टेकेर बाँचेको जीवनभन्दा नेपालमै सुख र शान्तिको अनुभव गरेपछि नेपाल फर्किएको हुँ।"

तीन वर्ष अमेरिकी सैन्य शिविरमा बसेका उहाँको काम सैनिकका लागि आवश्यक सामग्री आपूर्ति गर्ने थियो। खुकुरीको धारमा जीवन राखेर बाँचेर फर्किएका उहाँले चुनौतीकै माझ कुश्मा नगरपालिका-८ अम्बोटको ओडारेमा बङ्गुरपालन व्यवसाय सुरु गर्नुभएको छ। गौरव जिल्लाकै सफल बङ्गुरपालक व्यवसायीका रूपमा चिनिन्छन्। सात वर्षदेखि यो व्यवसायमा लागेका उहाँले शान्तिपूर्वक घरमै बसेर इराकको भन्दा दोब्बर कमाइ गरिरहेको जानकारी दिनुभयो। इराकमा मासिक रु ७० हजार कमाउने उहाँले बङ्गुरपालनबाटै मासिक रु डेढ लाख बचत गर्दै आउनुभएको छ। अरूको देशमा जोखिमपूर्वक गरेको कमाइभन्दा थोरै भए पनि स्वदेशको कमाइ स्वादिलो मानेर नेपाल फर्किनुभएका उहाँले बङ्गुरपालनबाट सोचेभन्दा राम्रो प्रगति गर्नुभएको हो। "कतिबेला मरिने हो भन्ने जगजगीबीच बसेर कमाएको धनभन्दा सुख र शान्तिले आफ्नै देशमा जति हुन्छ त्यही कमाइ मिठो सोचेर देश फर्किएँ", उहाँ भन्नुभयो, "मैले यहाँ कोरियाली प्रविधि प्रयोग गरेर फरक तरिकाले बङ्गुर पालिरहेको छु। बजारको माग धान्नै सकेको छैन।"

समाजमा केही जातलाई बङ्गुर पाल्न नहुने जातका रूपमा हेरिन्छ। ब्राह्मण, क्षेत्री समुदायमा त सुँगुर/बङ्गुर छुनै हुँदैन, छोएमा जात जान्छसमेत भनिन्छ। यस्तो सोच राख्ने समाजमा बसेर बङ्गुर पाल्नु उहाँका लागि सहज कहाँ थियो र ? तर आफैँले काम सुरु नगरेसम्म अरूको मानसिकतामा परिवर्तन ल्याउन असम्भव ठान्नुभएका उहाँले सामाजिक चुनौतीकै बीच बङ्गुर पाल्न लाग्नुभएको हो।

सात वर्षका अवधिमा उहाँले फार्ममा झण्डै रु एक करोड लगानी गर्नुभएको छ। यद्यपि अझै पनि उहाँलाई 'बङ्गुर पाल्न छाडेर अरू केही गर' भन्ने परिवारको दबाब आउने गरेको छ। व्यावसायिक सफलता हुँदाहुँदै परिवारका सदस्यहरू भने उहाँको यो पेशाबाट सन्तुष्ट छैनन्। "मेरी हजुरआमाले त अहिलेसम्म फार्ममा टेक्नुभएको छैन। आक्कलझुक्कल आमा आउन थाल्नुभएको छ तर उहाँले अहिले पनि यो काम नगर अरू केही गर भन्नुहुन्छ", उहाँले भन्नुभयो, 'काम यो गर्न हुने, ऊ गर्न नहुने भन्ने केही छैन। गर्न सके जे गरे नि हुन्छ, आफू जेबाट सफल भइन्छ त्यही काम गर्ने त हो नि !" उहाँको आँट र व्यावसायिकतालाई प्रवर्द्धन गर्न आर्थिक वर्ष २०७७/७८ मा भेटेरेनरी अस्पताल तथा पशुविज्ञ केन्द्रबाट बङ्गुरको व्यावसायिक कृषि केन्द्र (ब्लक) कार्यक्रमबाट रु तीन लाख ५० हजार अनुदानसमेत आएको थियो।

उहाँले मासुका लागि बिक्री गरेकामध्ये अहिलेसम्म सबै भन्दा बढी एउटै बङ्गुरलाई रु ८५ हजारमा बिक्री गर्नुभएको छ। बजारमा उत्पादन हुने फोहर उठाएर बङ्गुरलाई आहार दिने गर्नुभएका उहाँले आजभोलि फोहरलाई कम गरेर दाना खुवाउन थाल्नुभएको छ। यही कारण रु चार हजारमा बेच्ने गरेको एउटा पाठाको मूल्य रु पाँच हजार ५०० पुगेको छ। उहाँले बजारको मागअनुसार धेरै उत्पादन गर्न नसकेको बताउनुभयो। उहाँले मासुका लागि भन्दा पनि पाठापाठी जन्माउन माउ बङ्गुर राख्नुभएको छ। एउटा माउ चार/पाँच बेत ब्याएपछि मात्र मासुका लागि बेच्ने गरेको बताउनुभयो। उहाँको फार्ममा अहिले माउ र पाठा गरेर ८० वटा बङ्गुर छन्। माग भने पोखरा, मुस्ताङ, बागलुङ, कुश्मा, तनहुँ, स्याङ्जालगायतका ठाउँमा छ। मागअनुसार उत्पादन गर्न सके निकै राम्रो आम्दानी हुने क्षेत्रीको भनाइ छ।

वैदेशिक रोजगारीका लागि सबै नेपालीले रोजेको र खोजको जस्तो काम विदेशमा नपाउने भएकाले जस्तो काम पाइन्छ उस्तै काम गर्नुपरेको गौरवको अनुभव छ। विदेशमा रहेका नेपालीले बङ्गुर फार्ममा पनि काम गरिरहेको बताउँदै व्यवसायी क्षेत्रीले विदेशमा जस्तो फोहरमा पनि काम गरेर आम्दानी गर्न तयार हुने नेपालीले त्यही काम आफ्नो देशमा गर्न लजाउने गरेको बताउनुभयो।

# फोहर व्यवस्थापनको जिम्मा निजी क्षेत्रलाई

पोखरापत्र संवाददाता
गोरखा, २४ कार्तिक

गोरखा नगरपालिकाले नगर क्षेत्रभित्रका फोहर व्यवस्थापन गर्ने जिम्मा निजी क्षेत्रलाई दिएको छ। नगरपालिकाले फोहर सङ्कलन तथा व्यवस्थापन गर्नेलगायतका सबै जिम्मेवारी क्लिन गोरखा प्रालिलाई दिएको हो। नगरवासीले फोहर व्यवस्थापन गर्न नगरपालिकाले नसकेको आरोप लगाइरहेका थिए।

नगरपालिकाका वातावरण अधिकृत ध्रुव घिमिरेले निजी क्षेत्रसँग सम्झौता गरी यही कात्तिक १६ गतेदेखि फोहर उठाउने सबै जिम्मेवारी दिएको उहाँले जानकारी दिनुभयो। "अबदेखि नगरपालिकाभित्रका १४ वटै वडाको फोहर सङ्कलन गर्ने काम प्रालिले गर्छ", उहाँले भन्नुभयो, "प्रालिले नै नगरवासीसँग फोहर व्यवस्थापनको शुल्क लिनेछ।"

सो कम्पनीले नगरपालिकामा रु दुई लाख धरौटी राखेर फोहर सङ्कलन सुरु गरिसकेको छ। "अहिले सम्झौताअनुसार धरौटी रकम राखेर प्रालिले काम सुरु गरिसकेको छ", उहाँले भन्नुभयो, "सम्झौता लागू भएको छ महिनासम्म नगरपालिका हाल नगरपालिकामा कार्यरत सरसफाइमा खटिँदै आएका सात कर्मचारीलाई प्रालि र नगरपालिकाले आधा/आधा तलब खुवाउने र पछि प्रालिले नै तलब खुवाउनु पर्नेछ।"

नगरपालिकाले प्रयोग गदै आएको फोहर उठाउने एउटा ट्र्याक्टर र टिपरसमेत एक वर्षका लागि सो कम्पनीलाई प्रयोग गर्न दिने र एक वर्षपछि भने उसले नगरपालिकाले निर्धारण गरेअनुसारको मासिक भाडा नगरपालिकालाई बुझाउने गरी सम्झौता भएको उहाँले बताउनुभयो। कम्पनीले नगरपालिकाको मापदण्डभित्रै रहेर नगरवासीसँग फोहर व्यवस्थापनका लागि शुल्क लिने अधिकृत घिमिरेले जानकारी दिनुभयो। नगरपालिकाले कम्पनीसँग पाँच वर्षका लागि फोहर व्यवस्थापन गर्ने गरी सम्झौता गरेको उहाँले बताउनुभयो। "नगरवासीसँग फोहर सङ्कलनवापतको शुल्क उठाउन प्रालिलाई नगरपालिकाले रसिद प्रमाणित गरिदिन्छ", अधिकृत घिमिरेले भन्नुभयो, "त्यही रसिदमार्फत भुक्तानी लिने र सङ्कलन भएको रकमको २० प्रतिशत प्रत्येक चौमासिकमा नगरपालिकामा बुझाउनुपर्ने गरी सम्झौता भएको छ।" कम्पनीले फोहर व्यवस्थापनका काम सुरु गरेसँगै नगर क्षेत्रलाई सरसफाइमा नेपालको उत्कृष्ट बनाउन प्रतिबद्ध रहेको जनाएको छ। कम्पनीले आफ्नो घरबाट निस्कने फोहरलाईकुहिनेरनकुहिनेछुट्याइ कर्मचारीलाई सहयोग गरिदिन पनि नगरवासीलाई अनुरोध गरेको छ। फोहर व्यवस्थापन शुल्कवापत नगरवासीले सदस्यता शुल्क रु २०० तिर्नुपर्ने र निजी तथा व्यक्तिगत प्रयोजनको घर/प्रतिपरिवार मासिक रु १००, चिया पसल फुटपाथ पसलले रु १५०, व्यावसायिक पसल प्रत्येक सटर, वित्तीय सङ्घसंस्थाले रु २००, रेष्टुरेन्ट, मासु, तरकारी, फलफूल पसल, सैलुन, ब्यूटीपार्लरले रु ३०० शुल्क बुझाउनुपर्ने जनाएको छ।

यसबाहेक मोटरसाइकल ग्यारेज, लजसहितको सामान्य होटल, क्लिनिकको समान्य फोहर भएकाहरुले मासिक रु ५००, गाडी ग्यारेज, लजसहितका ठूला होटलले मासिक रु एक हजार र हस्पिटल, नर्सिङहोमले मासिक रु दुई हजार शुल्क बुझाउनुपर्ने उल्लेख छ। घरबाट निस्कने कवाडी सामग्रीसमेत उचित मूल्य दिएर कम्पनीले खरिद गर्ने भएकाले बाहिरबाट आउने व्यक्तिलाई बिक्री वितरण नगर्नसमेत आग्रह गरेको छ। यसअघि नगरपालिका आफैँले नगर क्षेत्रभित्रको फोहर व्यवस्थापन गर्दै आएको थियो।

# सिकाइ उपलब्धि बढाउन शैक्षिक सामग्री प्रदर्शनी गरेर पठनपाठन

पोखरापत्र संवाददाता
म्याग्दी, २४ कार्तिक

म्याग्दीको रघुगङ्गा गाउँपालिकाको चार वटा वडाका सामुदायिक विद्यालयले कक्षाकोठामा शैक्षिक सामग्रीको प्रदर्शनी गरेर अध्यापन गराउन थालेका छन्। शैक्षिक सामग्रीले झकिझकाउ कक्षा कोठामा नाच्दै गाउँदै पठनपाठन गराउन थालिएको हो। यसअघि अन्नपूर्ण गाउँपालिकाका सबै र रघुगङ्गा गाउँपालिका-५, ६, ७ र ९ का विद्यालयले शैक्षिक सामग्रीको प्रदर्शनी गरेर पठनपाठन गराउने विधि अपनाएका थिए।

बालबालिकाको सिकाइ उपलब्धि बढाउन प्रभावकारी देखिएपछि रघुगङ्गाको १ देखि ४ नम्बर वडामा पर्ने क्रमश: बेग, भगवती, पिप्ले र दग्नामका १६ वटा विद्यालयमा लागू गरिएको गाउँपालिकाका शिक्षा अधिकृत कृष्णप्रसाद सुवेदीले बताउनुभयो। "बालबालिकाको पढाइप्रति रुचि र सिकाइ उपलब्धि बढाउन शैक्षिक सामग्रीका साथै गीत, सङ्गीत र नृत्यको समेत साहरा लिएका छन्", उहाँले भन्नुभयो, "शैक्षिक सामग्रीले झकिझकाउ कक्षा कोठामा नाच्दै गाउँदै पढाउने गरिएको छ।" वातावरण रमाइलो बनाएर बालबालिकाको सिकाइलाई सुधार गर्न कक्षा कोठाका भित्ता, झ्यालदेखिबीच भागमा डोरी तानेर कागजमा विभिन्न विषयसँग सम्बन्धित चार्ट, चित्र, तथ्याङ्क, वाक्य लेखेर झुण्ड्याइएका छन्। मौवाफाँटको ज्ञानोदय माविका शिक्षक उर्मिला रेग्मीले शैक्षिक सामग्रीको प्रदर्शनी गरेर पढाउन थालिएपछि बालबालिकाले पढाएको छिटो बुझ्नुका साथै विर्सने समस्या हटेको बताउनुभयो।

शिक्षक र विद्यार्थी मिलेर कक्षा कोठामा पाठको सन्देश अनुसारका सहयोगी शैक्षिक सामग्री तयार गरेर प्रदर्शन गरेका छन्। शिक्षक, विद्यार्थीमा सिर्जनशीलताको विकास भएको छ। पूर्व प्राथमिक र प्राथमिक तहका विद्यार्थीलाई गीत, नृत्य र खेलकूदको माध्यमबाट पढाउने गरिएको कालिका माध्यमिक विद्यालय तिप्ल्याङका शिक्षक हरिप्रसाद सुवेदीले बताउनुभयो।

"शैक्षिक सामग्रीको प्रदर्शनी गरेर पढाउँदा विद्यार्थीले सिकेका कुरा चिरस्थायी र दिगो भएको छ", उहाँले भन्नुभयो, "पाठ्यक्रमले निर्धारण गरेका शैक्षिक उपलब्धि पूरा गर्न सहज भएको छ।" गीत, सङ्गीत र खेल खेलाएर पढाउँदा साना बालबालिका पढाइप्रति उत्साहित हुने गरेका छन्।

शिक्षण सामग्री प्रदर्शनी र प्रयोगपछि विद्यार्थीको सिकाइमा सुधार गर्न सहयोगी बन्ने जनता मावी दग्नामका प्रअ गुन पुनले बताउनुभयो। "शिक्षक, शिक्षिका र विद्यार्थीसँगै नाचगान र खेलेर पठनपाठन गराउँदा वातावरण रमाइलो हुनेगर्छ", उहाँले भन्नुभयो, "विद्यार्थीले नबुझेको र बिर्सिएको कुनै विषयमा कक्षा कोठामा प्रदर्शन गरिएको सामग्रीबाटै सिक्ने अवसर पाएका छन्।" रघुगङ्गा गाउँपालिका र क्वालिटी एजुकेशन नेपाल अस्ट्रेलियाको सहयोगमा शिक्षकलाई शैक्षिक सामग्री निर्माण र प्रयोगसम्बन्धी तालिम दिएको सम्वृद्ध ग्रामीण नेपालको लागि शैक्षिक उन्नयन (लर्न) संस्थाले शैक्षिक र खेलकूद सामग्रीसमेत उपलब्ध गराएको छ। गत असोजमा रघुगङ्गाको बेग, भगवती, पिप्ले र दग्नामका १६ वटा विद्यालयका १३५ शिक्षकलाई आधारभूत कक्षाकोठा व्यवस्थापन तालिम दिएको लर्नका कार्यक्रम व्यवस्थापक मीन शाहीले गत हप्ता झिँ, पाखापानी, चिमखोला र कुइनेमङ्गलेका ८७ शिक्षकलाई विषयगत तालिम दिइएको जानकारी दिनुभयो।

अन्नपूर्ण गाउँपालिकामा विगत ८ वर्षदेखि सञ्चालित शैक्षिक उन्नयन कार्यक्रम रघुगङ्गा गाउँपालिकाको अमर मावि पाखापानी स्रोत केन्द्रमा विसं २०७६ देखि सुरु भएको थियो। कार्यक्रमका लागि रघुगङ्गा गाउँपालिका र क्वालिटी एजुकेशन नेपाल अस्ट्रेलियाले ५०/५० प्रतिशत लागत साझेदारी गरेका छन्। चालू आर्थिक वर्षमा रघुगङ्गा गाउँपालिकाले यस कार्यक्रमका लागि रु पन्ध्र लाख बजेट विनियोजन गरेको प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले बताउनुभयो।

# जिम्न्याष्टिक टोलीलाई प्रमाणपत्र

रासस
काठमाडौं, २४ कार्तिक

नेपाल जिम्न्याष्टिक सङ्घले पाँचौं बङ्गबन्धु सेन्ट्रल साउथ एशियन आर्टिस्टिक जिम्न्याष्टिक च्याम्पियनसिपमा सहभागी १२ खेलाडीसहित २१ सदस्यीय नेपाली टोलीलाई आज सहभागिताको प्रमाणपत्र प्रदान गरेको छ।

नेपाल जिम्न्याष्टिक सङ्घका अध्यक्ष ध्रुवबहादुर प्रधानले उनीहरूलाई बुधबार यहाँ आयोजित एक कार्यक्रमबीच प्रमाणपत्र प्रदान गर्नुभयो। अध्यक्ष प्रधानले खेलाडीलाई 'एक्सपोजर' गराउन सङ्घले अन्तर्राष्ट्रिय सहभागितामा जोड दिइरहेको बताउनुभयो।

अक्टोबर २६ देखि ३१ तारिखसम्म भएको उक्त प्रतियोगिताको सिनियरतर्फ समान ४-४ पुरुष/महिला तथा जुनियर पुरुषमा ४ खेलाडीले नेपालको चुनौती प्रस्तुत गरेका थिए।

सिनियरको पुरुषमा उज्ज्वल तिवारी, सुमन तामाङ, सत्यनारायण मानन्धर र श्रीकृष्ण खर्बुजा तथा महिलामा पिङ्की झाङ, रेशिका श्रेष्ठ, युष्का महर्जन र लुमिला मानन्धरले प्रतिस्पर्धा गरेका थिए। त्यस्तै जुनियर पुरुषमा रोहन बुढाथोकी, सुमन नापित, सुमित तमखु र विपीन दोङले खेलेका थिए। प्रशिक्षकमा राजेश्वरमान स्थापित, सजनी मानन्धर र देवकुमार महर्जन तथा व्यवस्थापकमा पूर्णमान बज्राचार्य छन्।

अफिसियलमा सुनिलमान सिं, परमेश्वर जोशी, कुश्मिला आचार्य, दीपककृष्ण प्रजापति र सुशीलप्रकाश प्रधान रहेका छन्। नेपाल जिम्न्याष्टिक सङ्घका महासचिव मुकुन्दराज शर्माले पदक नै नजिते पनि खेलाडीको प्रदर्शन उत्साहजनक रहेको बताउनुभयो।